# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपाल राष्ट्र बैंकले २०६९ जेठ १९ गते आ.व.२०६९/७० को लागि पूर्व बजेटकालीन अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो । सो कार्यक्रममा प्रमुख अतिथिको आसनबाट सहभागीहरुलाई सम्बोधन गर्दै गभर्नर डा.युवराज खतिवडाले विश्व अर्थतन्त्र सुधारको अवस्थामा रहेको भएता पनि यूरोप क्षेत्रको आर्थिक स्थिति संकटग्रस्त अवस्थाबाट गुज्रिरहेको प्रकाश पार्नु भयो । यूरोपेली अर्थतन्त्र र नेपालको पछिल्लो राजनीतिक घटनाक्रमले नेपाली अर्थ व्यवस्थालाई पनि असर पार्न सक्ने भएकोले अर्थतन्त्रको सुरक्षित अवतरणमा ध्यान दिनु पर्ने बेला आएको चर्चा गर्दै गभर्नर डा. खतिवडाले आ.व. २०६९/७० को बजेट तर्जुमा गर्नका लागि वस्तुपरक र व्यवहारिक सुझावहरु दिन सहभागीहरुलाई आग्रह गर्नु भयो । साथै, उहाँले लगानीलाई अवसरको रुपमा लिई यसलाई बढाउनु पर्ने विचार पनि सो अवसरमा राख्नु भयो । गभर्नर डा. खतिवडाले बैंकिङ्ग प्रणालीको स्थायित्वमा जोड दिदै शेयर बजारको सुधारको लागि नेपाल राष्ट्र बैंकले चाल्ने कदममा सम्बन्धित सबैको सहभागिता र सुझावको आवश्यकता पनि औंल्याउनु भयो ।



(*अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. खतिवडा*)

कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्दै देशको वर्तमान आर्थिक स्थितिमाथि प्रकाश पार्नु भएको थियो । डा. श्रेष्ठले आफ्नो मन्तव्यको क्रममा कृषि, उद्योग, सेवा, पूर्वाधार, वैदेशिक व्यापार लगायतका क्षेत्रको वर्तमान अवस्था माथि प्रकाश पार्नु भएको थियो । अन्तरक्रिया कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि कृषि, उद्योग, सेवा, वैदेशिक व्यापार र पूर्वाधार क्षेत्रको विद्यमान अवस्था, आगामी वर्षको परिदृष्य, प्रमुख समस्याहरु र समाधानका उपायहरु जस्ता विषयहरु समावेश गरिएका थिए । सो कार्यक्रममा निजी क्षेत्रको प्रतिनिधिमूलक संस्थाहरु, बैंकर, उद्यमी, व्यापारी, उद्योगपति, पत्रकार, आर्थिक क्षेत्रका बुद्धिजीवी र नेपाल राष्ट्र बैंकका अर्थविद्हरुको समेत सहभागिता रहेको थियो ।

कार्यक्रममा उपस्थित सहभागीहरुले रेमिट्यान्सलाई बैंकिङ्ग Channel मार्फत भित्र्याउनु पर्ने, कृषि क्षेत्रमा लगानी बढाई कृषिमा व्यावसायिकताको विकास गर्नु पर्ने, सेवा पर्यटनको संभ्याव्यता पहिल्याउनु पर्ने, होटललाई उद्योगको मान्यता प्रदान गर्नु पर्ने, मध्य पहाडी क्षेत्रमा लोकमार्गको निर्माणका साथै द्रूत मार्ग र सुरुङ मार्गको निर्माणलाई तीब्रता दिनु पर्ने सभ्काावहरु दिनु भयो । साथै, सहभागीहरुले नेपाली लगानीकर्ताले पनि विदेशमा लगानी गर्न पाउनु पर्ने, Corporate tax घटाउनु पर्ने, उत्पादनशील उद्योगलाई बढावा दिनु पर्ने, बजेटले घरेलु तथा साना उद्योगलाई विशेष ग्राह्यता दिनु पर्ने, घरेलु उद्योगको क्षेत्रमा प्रवाहित हुने कर्जा सकभर  निर्व्याजी वा कम व्याज दरमा प्रवाह हुनु पर्ने, घरेलु उद्योगमा उच्च प्रविधिको प्रयोग बढाउनु पर्ने, नेपालको वैदेशिक व्यापारको स्थितिलाई अनुकूल स्थितिमा राख्न उत्पादनलाई प्रतिष्पर्धी बनाई कृषि कर्जा सरलीकरण गरी कषिमा लगानी बढाई उत्पादन बढाउनु पर्ने धारणा राख्नु भयो । वजेट निर्माणप्रति रुचि राख्दै सहभागीहरुले तेश्रो मुलुक तर्फको निर्यात बढाउनु पर्ने, स्वदेशी उत्पादनको प्रयोगलाई बढाउने नीति निर्माण गर्नु पर्ने, बिद्युत सम्बन्धी राष्ट्रिय नीति निर्माण गरी राष्ट्रिय उद्योगहरुलाई बिद्युतमा अनुदान दिनु पर्ने सुझाव पेश गर्नु भयो । देश हितमा योगदान पुर्‍याउने विशिष्ट व्यक्तित्वहरु तथा कर्मचारीहरुलाई सहुलियत दरमा Apartment खरिद गर्न पाउने नीति नियमको आवश्यकता, नेपालको निर्यात व्यापारमा महत्वपूर्ण स्थान राख्ने गलैंचाको कच्चा पदार्थको रुपमा रहेको ऊन ग्रामीण पहाडी क्षेत्रबाट ल्याउनु पर्ने भएकोले ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति बढाई दुर्गम ग्रामीण क्षेत्रबाट गलैचा कारखानासम्म ऊन ढुवानी गर्न सहज वातावरणको लागि बजेटमा उपयुक्त व्यवस्था हुनु पर्ने धारणा पनि सहभागीहरुले राखेका थिए । यसैगरी, पश्मिनाको उत्पादन बढाउन लगानी बढाउनु पर्ने, हिमाली भेगका ग्रामिण क्षेत्रमा भेडा पालनलाई प्रोत्साहित गर्न सस्तो दरमा ऋण उपलब्ध हुनु पर्ने, बिद्युत उत्पादनलाई बृद्धि गर्न निजी क्षेत्रलाई यसमा थप आकर्षित गर्नु पर्ने, बिद्युत उत्पादन जस्तो क्षेत्रमा जाने कर्जालाई सहज र सरल बनाउनु पर्ने, बिद्युतमा विदेशी लगानीलाई भित्र्याउन पहल गर्नु पर्ने, अर्थतन्त्रको खम्बाको रुपमा रहेको सहकारी क्षेत्रलाई मौद्रिक नीतिले सम्बोधन गर्नु पर्ने, सहकारी वर्षको उपलक्ष्यमा नोट तथा सिक्का मुद्रण गर्नु पर्ने जस्ता थप सुझावहरु पनि सहभागीहरुबाट आएका थिए । संचालन खर्च उच्च रहेको होटल व्यवसायमा बढ्दो लोडसेडिङ तथा बढ्दो मजदुर ज्याला जस्ता कारणले यो व्यवसाय नाफामा नरहेको हुदा होटल उद्योगमा लिईने मूल्य अभिवृद्धि करको दर १३ प्रतिशतबाट १० प्रतिशतमा झार्नु पर्ने, होटल उद्योगलाई बजेट तथा मौद्रिक नीतिमा प्राथमिकतामा राख्नु पर्ने, हिमाली क्षेत्रमा लघु वित्त सेवा प्रदान गर्दा हुन आउने नोक्सानी राज्यको तर्फबाट बहन गर्नु पर्ने नीतिगत व्यवस्था गर्न सहभागीहरुले अनुरोध गरेका थिए । साथै, ग्रामीण क्षेत्रका विभिन्न तालिम प्रदायक संस्था तथा निकायहरुलाई लघु वित्तसंग आवद्ध गर्नु पर्ने, विदेशमा रोजगारीका लागि जाने युवाहरुलाई आवश्यक सीप सिकाउने तालिम केन्द्रहरु ग्रामीण क्षेत्रमा संचालन हुनु पर्ने, लघु वित्त प्रदायक संस्थाहरुको मर्जरको लागि सरकारले केही सुविधा दिनु पर्ने, उद्यम विकास, सीप विकास तथा Financial Literacy जस्ता कार्यक्रम संचालन गरिनु पर्ने, Remittance Banking छुट्टै हुनु पर्ने, प्राप्त Remittance लाई उत्पादनशील क्षेत्रमा लगाउनु पर्ने र Processing Industries लाई बढावा दिनु पर्ने जस्ता विश्लेषणात्मक सुझाव पनि सहभागीहरुबाट ब्यक्त भएका थिए । साथै, उद्योग व्यवसायमा शान्ति सुरक्षाको प्रत्याभूति हुनु पर्ने, विदेशी मद्रा संचितिमा Money Exchange व्यवसायको हिस्सा किटानी हुनु पर्ने, Money Changer ले कमाएको विदेशी मुद्रा नेपाल राष्ट्र बैंकमा राख्ने व्यवस्था हुनु पर्ने, पर्यटन सवारी साधनमा लिईने भन्सार दर कम हुनु पर्ने, पर्यटन प्रचारको लागि लिईने कर्जाको व्याजदर कम हुनु पर्ने, राष्ट्रिय अन्तर्राष्ट्रियरुपमा परिचित नेपाली चियाको विकासको लागि नयां नीति निर्माण गरी चिया र कफीलाई प्राथमिकतामा राख्नु पर्ने जस्ता सुझावहरु पनि वजेटले समेट्नु पर्छ भन्ने सहभागीहरुको कथन थियो । यसका अतिरिक्त चिया कफीमा लिइने कर्जाको व्याज कम हुनु पर्ने, उत्पादनशील क्षेत्रका Share सूचीकृत हुन चाहेमा Incentive को व्यवस्था हुनु पर्ने, सम्पत्ति घोषणाको

ऐन कार्यान्वयन हुनु पर्ने जस्ता समस्या, राय तथा सुझावहरु कार्यक्रममा सहभागीहरुले व्यक्त गरेका थिए ।

अन्त्यमा, गभर्नर डा. खतिवडाले कार्यक्रममा सहभागीहरुले उठाएका विषयवस्तु र जिज्ञासा माथि टिप्पणी गर्दै नेपाल राष्ट्र बैंकले कार्यक्रममा उठेका विषय वस्तुहरुलाई सम्बोधन गर्न अर्को चरणमा योजना बनाई अघि बढ्ने विचार व्यक्त गर्नु भयो । छुट्टाछुट्टै क्षेत्रसंग भविष्यमा फेरि छुट्टाछुट्टै बैठक बसी छलफल गरिने जानकारी पनि गभर्नर डा. खतिवडाले सो अवसरमा गराउनु भयो । नेपाल राष्ट्र बैंकले आफैले बनाउने नीतिहरुमा सहभागीहरुले उठाएका विषयलाई सम्बोधन गरिने विचार पनि गभर्नर डा. खतिवडाले व्यक्त गर्नु भयो । साथै, नेपाल राष्ट्र बैंक प्रतिनिधि रहने विभिन्न समिति र निकायमा पनि कार्यक्रममा उठेका विषयहरुलाई अवगत गराउने प्रतिवद्धता पनि उहाँले सो अवसरमा व्यक्त गर्नु भयो ।

२०६९ जेठ २२, सोमबार

**गभर्नरको कार्यालय**